CHHYANGDI Hydropower Ltd.

Samata Marga, Gairidhara
Kathmandu-2, Nepal
Tel: 4426483
Email: info@chpl.com.np
chhyangdihydropowerltd@gmail.com
Website: www.chpl.com.np

Ref no. CHPL 078/79-72

मिति: २०७८।०६।१९

श्री नेपाल स्टक एक्सचेन्ज लि ।
सिंहदरवार प्लाजा
काठमाण्डौ, नेपाल ।

विषय: हकप्रद शेयर सम्बन्धि जानकारी वारे ।

महोदय,

उपरोक्त सम्बन्धमा यस लिमिटेडले हाल कायम चुक्ता पूँजीको ३० प्रतिशत हकप्रद शेयर निष्काशन गर्न स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा पेश भई कार्यवाही भइरहेको व्यहोरा अनुरोध गर्दछौ ।

विश्वव्यापि महामारीको रुपमा फैलिएको कोभिड १९ ले भएको बन्दाबन्दी तथा बाढी पहिरो जस्ता प्राकृतिक प्रकोप लगायतका कारणहरुले गर्दा यस कम्पनीले निर्माण सम्पन्न गर्न लागेको माथिल्लो छन्दी खोला साना जलविद्युत आयोजना (४ मे वा) को लागतमा केहि वृद्दी भएकाले यस आयोजना निर्माण सम्पन्न गर्नको लागि आवश्यक रकम दीर्घकालिन ऋण यसै आयोजनामा लगानी गरीरहेका बैंक अफ काठमाण्डु लिमिटेड र कुमारी बैंक लिमिटेड समक्ष माग गर्ने र उक्त दीर्घकालिन ऋण प्रस्तावित हकप्रद शेयर जारी गरी भूक्तानी गर्ने गरी कम्पनीको तत्काल चुक्ता पूँजीको ४० प्रतिशत (३० प्रतिशत हकप्रद शेयर वितरण पश्चात) हकप्रद शेयर निष्काशन गर्न विद्युत नियमन आयोग समक्ष स्वीकृतिका लागि अनुरोध गर्ने यस कम्पनीको संचालक समितिको मिति २०७८।०६।१८ बेलुका ६ बजे बसेको सञ्चालक समितिको ७९औं बैठकबाट निर्णय भएको व्यहोरा जानकारीका लागि अनुरोध गर्दछौ ।
यस कम्पनीको हाल स्वीकृतीका लागि वोर्ड समक्ष पेश भएको ३० प्रतिशत हकप्रद शेयर जारी पश्चात चुक्ता पूँजी रु. ३८,६९,७७,५०० हुने र तत्पश्चात हाल स्वीकृतीका लागि प्रस्तावित ४० प्रतिशत हकप्रद शेयर निश्काशन पश्चात चुक्ता पूँजी रु. ५४,१७,६८,५०० हुने व्यहोरा समेत अनुरोध गर्दछु ।

भवदीय

रमेश कुमार थापा
कम्पनी सचिव